नीतिगत बहश श्रृङ्खला १८
मंसिर २०६६

# आदिवासी जनजाति तथा स्थानीय समुदायद्वारा संरक्षित क्षेत्रहरु: नेपालमा यसको सान्दर्भिकता, सम्भावना र पहलहरु

नयाँ शर्मा पौडेल र सुदीप जाना

## परिचय

आदिवासी जनजाति तथा स्थानीय समुदायद्वारा संरक्षित क्षेत्रहरु *(Indigenous and Community Conserved Areas)* आइसीसीएले जीविकोपार्जन र सांस्कृतिक लाभसँगै जैविक विविधताको संरक्षणमा उत्साहप्रद योगदान गरेका छन् । यिनीहरु संरक्षणको सन्दर्भमा विश्वभर एक लोकप्रिय नमूनाको रुपमा स्थापित भएका छन् । परम्परागत, रैथाने तथा समुदायमा आधारित संरक्षणका विविध अभ्यास र अनुभवहरु नेपालमा व्याप्त भएता पनि आइसीसीएको अवधारणा नेपालमा अझै प्रारम्भिक अवस्थामै छ । फरेस्टएक्सनले आइसीसीएहरुमाथि गरेको अध्ययनको आधारमा तयार गरेको यो नीतिपत्रले तिनीहरुको सान्दर्भिकता र प्रवर्द्धनको लागि सम्भावित रणनीतिमाथिको वहसमा सघाउने उद्देश्य राखेको छ । यो नीतिपत्रमा हामीले सरकार र अन्य सम्बन्धित सरोकारवालाहरुलाई आधुनिक संरक्षण प्रणालीसँग मेल खाने तथा संरक्षणको बृहत् लक्ष्य हासिल गर्न मुलुकभर छरिएर रहेका हजारौं फरक फरक स्वरुप वा प्रकारका आइसीसीएहरुलाई मान्यता दिन र सहयोग गर्न सुझाएका छौं ।



चितवनको हपनी, काउलेमा अवस्थित स्थानिय चेपाङ्गद्वारा संरक्षित वन ।

## आईसीसीएहरू के हुन् ?

आइसीसीएलाई "आदिवासी र स्थानीय समुदायद्वारा व्यवहारिक कानुन वा अन्य प्रभावकारी उपाय मार्फत् स्वेच्छिक रुपमा संरक्षण गरिएका महत्वपूर्ण जैविक विविधता, पारिस्थितिक (ecological) र सम्बन्धित सांस्कृतिक मूल्य सहितको प्राकृतिक वा रुपान्तरित परिस्थितिक प्रणाली (ecosystem)" (कोठारी २००६:३) भनिएको छ । त्यसैगरी, विश्व संरक्षण संघ (आईयूसीएन)ले यिनीहरुलाई: त्यस्तो संरक्षित क्षेत्र जहाँ व्यवस्थापनको अधिकार र जिम्मेवारी आदिवासी वा स्थानीय समुदायमा रहन्छ र यो विभिन्न प्रकारका प्रचलन वा कानून एवम् औपचारिक वा अनौपचारिक संस्थाहरुद्वारा क्रियाशिल हुन्छ (डुडले २००८) भनेर परिभाषित गरेको छ । परिभाषा जे भए पनि आइसीसीए हुनका लागि आवश्यक प्रमुख तीनवटा विशेषता यसप्रकार छन् (पाठक एट अल २००४):

- सम्बन्धित प्राकृतिक क्षेत्र (पर्यावरण प्रणाली वा प्रजाति) सँग स्थानीय समुदायको सम्बन्ध अथवा चासो रहेको हुन्छ ।
- त्यस क्षेत्रको संरक्षण र त्यससँग सम्बन्धित निर्णय प्रक्रियामा स्थानीय समुदायहरुले मुख्य भूमिका खेल्छन्, र
- स्थानीय समुदायको प्रयासले जैविक विविधता संरक्षणमा योगदान पुगेको हुन्छ ।

संसारमा यस्ता आइसीसीएहरु विभिन्न स्वरुपमा दशौं हजारको संख्यामा भएपनि अधिकांशलाई सरकारी मान्यता दिइएको छैन । जैविक विविधताको संरक्षण गर्न, आवश्यक पारिस्थितिक प्रकार्य (ecological function) एवम् वातावरणीय सेवा कायम राख्न अर्थात् पर्यावरण जोगाउन, जीविकोपार्जन र सांस्कृतिक

### प्रमुख सन्देशहरू

१. आईसीसीएहरुले श्रोत व्यवस्थापनका विभिन्न उद्देश्यहरुलाई सम्बोधन गर्नुका साथै संरक्षणमा महत्वपूर्ण योगदान गर्न सक्छन् ।
२. संरक्षणको लक्ष्य हासिल गर्ने सन्दर्भमा आईसीसीएहरुले अहिलेको संरक्षित क्षेत्र प्रणालीमा थप मद्दत गर्दै समपुरकको भूमिका खेल्छन् ।
३. आईसीसीएहरु सरकारद्वारा व्यवस्थापन गरिएका संरक्षित क्षेत्रहरुमा सह-अस्तित्वमा रहदै संरक्षणमा थप बल प्रदान गर्न सक्छन् । यिनीहरु संरक्षित क्षेत्रको शासन प्रणालीकै एक प्रकार वा किसिम हुन् तर संरक्षित क्षेत्रको व्यवस्थापनको एउटा वर्ग अथवा विभाग चाहिं होइनन् ।
४. सरकारले घोषणा गर्न खोजेका नयाँ निकुञ्ज र संरक्षण क्षेत्रहरुलाई आईसीसीएले एउटा महत्वपूर्ण विकल्प प्रस्तुत गरेका छन् ।
५. नेपालमा आईसीसीएहरुको अथाह सम्भावना छ, जसका लागि नीति र कानुनी मान्यता भए पुग्छ ।
६. नियम/कानूनमा सामान्य संशोधन मात्रै गर्दा पनि आइसीसीएको प्रवर्द्धनमा ठूलो योगदान पुग्छ ।
७. आइसीसीएलाई पहिचान गर्दा आदिवासी-जनजातीहरुको अधिकारका सम्बन्धमा नेपालको अर्न्तराष्ट्रिय दायित्वहरु कार्यान्वयन गर्न थप बल मिल्दछ ।

मूल्यलाई माथि उकास्नमा आइसीसीएहरुको भूमिकालाई हालैका वर्षहरुमा बिस्तारै मान्यता दिइनुका साथै प्रवर्द्धन पनि गरिएको छ । जस्तै जैविक विविधता महासन्धी (सीबीडी) यसको संरक्षित क्षेत्रहरु सम्बन्धी कार्यक्रम (Program of Work on Protected Areas), हरेक दशकमा हुने संरक्षित क्षेत्रको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय भेला (World Park Congress), विश्व संरक्षण संघले पनि आइसीसीएलाई महत्वपूर्ण स्थान दिएका छन् ।

### तालिकाः नेपालमा सरकारद्वारा घोषित संरक्षित क्षेत्र र आइसीसीए बीच तुलना

| सरकारद्वारा तोकिएका संरक्षित क्षेत्र | आदिवासी र स्थानिय समुदायद्वारा संरक्षित क्षेत्र |
|---|---|
| खास क्षेत्रको पहिचान र घोषणा सरकारले गर्छ । | पहिचान, निर्णय र व्यवस्थापन स्थानीय समुदायले गर्छन् । |
| सरकारकै स्वामित्वमा रहन्छन् र व्यवस्थापन पनि उसैले गर्छ । (कुनैकुनैमा सरकारले तोकेको एजेन्सीबाट व्यवस्थापन हुन्छ) | जमिनमाथि स्थानीय समुदायले वास्तविक नियन्त्रण गर्छ (कानुनी स्वामित्व नभए पनि) र सो क्षेत्रको व्यवस्थापन पनि उनीहरुले आफ्नै प्रकारले गर्छन् । |
| व्यवस्थापन योजना सरकारले पारित गर्छ । | सरकारी अनुमोदनको आवश्यकता नपर्न सक्दछ । बरु यिनीहरुसँग जवाफदेहिता कायम गर्ने वैकल्पिक बाटो हुन्छ । धेरैजसो स्थितीमा उनीहरु आफैंले आफ्नो नियम, मान्यता र व्यवस्थापन प्रणाली विकास गर्छन् । |
| यिनीहरु वैधानिक कानुन र कानुनी उपकरणद्वारा व्यवस्थित र प्रशासित हुन्छन् । | व्यवस्थापन प्रायः प्रचलित स्थानिय मान्यता एवम् नियमद्वारा निर्देशित हुन्छन् र कहिलेकहिँ वैधानिक नियमसँग संयुक्त रुपमा पनि व्यवस्थित हुन्छन् । |
| १९औं सताब्दीमा आएको यो अवधारणाको इतिहास छोटो छ (मूलरुपमा सन् १८७२ पछि मात्र) | यिनीहरुको स्वरुप विभिन्न समयावधिमा परिवर्तन एवम् रुपान्तरित भए पनि यो संरक्षणको सर्वाधिक पुरानो स्वरुप हो । |
| कर्मचारीतन्त्र र जटिल संरचनाअन्तर्गत व्यवस्थित हुन्छ । | धेरैजसो परिस्थितीमा स्थानीय समुदायका संस्थाद्वारा तथा सामान्य एवम् सरल संरचना मार्फत् व्यवस्थित हुन्छ । |
| मुख्यतया संरक्षणका लागि व्यवस्थित गरिन्छ । | जैविक विविधताको संरक्षण यसको मुख्य उद्देश्य नहुन सक्छ । यो यसको सह-उत्पादन भने हुनसक्छ । |

## नेपालका अन्य संरक्षित क्षेत्रहरूभन्दा कसरी आइसीसीएहरू फरक छन् ?

नेपालमा पुस्तौंदेखि स्थानीय र आदिवासी समुदायहरुले हजारौं जङ्गल, जलाधार क्षेत्र, ताल-तलैया, पशुचरण, पवित्र नदीनालाको व्यवस्थापन र संरक्षण गर्दै आएका छन् । यिनीहरुले जैविक विविधता, भू-दृश्य, जमिनको ठूलो भूभाग तथा धार्मिक र आध्यात्मिक क्षेत्रको पनि संरक्षण गर्दै आएका छन् । तर अर्कोतर्फ, सरकारद्वारा स्थापित आधुनिक संरक्षित क्षेत्रले स्तरको श्रोतमाथिको व्यापक द्वन्द, चर्को व्यवस्थापन खर्च, पर्यावरणीय चापको विस्थापन आदि लगायतका चुनौतीहरुको सामना गरिरहेका छन् । अनेकौं चुनौतीका बाबजुद सरकारले औपचारिक संरक्षित क्षेत्र विस्तार गर्ने काम जारी राखेको सन्दर्भमा सरकार नियन्त्रित संरक्षित क्षेत्रहरुसँगको तुलनामा आइसीसीएहरुको फाइदा र समपूरकताको जाँच गर्नु उपयोगी हुन्छ ।

## आईसीसीएहरू किन ?

सरकारले एकतर्फी रुपमा थप संरक्षित क्षेत्र घोषणा र व्यवस्थापन गर्ने कि या देशभरी छरिएका समुदायद्वारा व्यवस्थित क्षेत्रहरु (जैविक विविधता संरक्षण गरेका) लाई सम्भावित आइसीसीएको रुपमा मान्यता, सम्मान र सहयोग प्रदान गर्दै प्रकृति संरक्षणको प्रवर्द्धन गर्ने भन्ने महत्वपूर्ण प्रश्न हामी सामु छ । समुदायमा आधारित संरक्षणको प्रवर्द्धन र संस्थागत सुदृढीकरणमा नेपालले अग्रणी भूमिका खेलेकोले आइसीसीएहरु हाम्रो विस्तृत वन तथा संरक्षण नीतिभित्र राम्ररी अटाउन सक्छन् । उदाहरणको लागि हामीले यहाँका १५ हजारभन्दा बढी सामुदायिक वनलाई आइसीसीएमा क्रमशः रुपान्तरण गर्न, उनीहरुलाई जैविक विविधताको स्तर उकास्न प्रोत्साहन दिएर सहयोग गर्न सक्छौं । यस उद्देश्यका लागि केही "संरक्षण क्षेत्र" घोषणा गर्नुभन्दा यो निकै बढी प्रभावकारी हुनेछ । स्रोतकाका मालिक, व्यवस्थापक र संरक्षक स्थानीय समुदाय नै हुन्, जसलाई लोकतान्त्रिक सिद्धान्त र देखिएको व्यवहारिक सामर्थ्य दुबैका आधारमा न्यायसङ्गत मान्न सकिन्छ । दीर्घकालीन वातावरणीय लक्ष्यको सम्मान र सुधार गरिएको छ भन्ने सुनिश्चित गर्न सरकारले निगरानी र सहयोगी भूमिका निर्वाह गर्न सक्दछ ।

आइसीसीएहरु संरक्षणको एक आदर्श नमूना बन्न सक्छन् जसले वर्तमान चुनौतीहरुको लागि आर्थिक रुपले व्यवहारिक, राजनीतिक रुपले सम्भाव्य र सांस्कृतिक रुपले स्वीकार्य समाधान दिन सक्दछन् । यसका विविध पक्षहरुः


१. इकोसिस्टम/पर्यावरण संरक्षणः पारिस्थितिक प्रणालीको रक्षा गर्ने र पारिस्थितिक सेवाको दिगो प्रवाह सुनिश्चित गर्ने,
२. जीविकोपार्जनमा फाइदाः श्रोत व्यवस्थापनको मार्फत् जीवकोपार्जन सुदृढ गर्ने र त्यसका लाभहरुको निश्पक्ष वितरण,
३. सामाजिक तथा सांस्कृतिको लाभ र
४. मानवअधिकार तथा आदिवासी-जनजातिको अधिकार सम्मान ।

अब आइसीसीएले कसरी संरक्षणका लक्ष्य प्राप्तिमा योगदान दिन सक्छन् हेरौं :

क) आइसीसीएहरु दीर्घकालिन निरन्तरताको दृष्टिले सदैव जोमिखमा रहेको स्थानीय पर्यावरणीय/पारिस्थितिक ज्ञान (ecological knowledge) र व्यवहारबाट शुरु भएका हुन् ।

ख) कतिपय ठाँऊहरुमा यिनले जैविकमार्ग (कोरिडोर) वा वन्यजन्तुको बासस्थान, आवतजावतको हिसाबले संवेदनशील भूभागहरुलाई जोड्ने भूमिका निर्वाह गर्नुका साथै जैविक विविधता संरक्षण गर्दै अहिले भएका संरक्षित क्षेत्रहरु बाहिर महत्वपूर्ण भूमिका खेलेका छन् ।

ग) यिनले वनस्पति, वन्यजन्तु, जलाधार, धार्मिक तथा सांस्कृतिक क्षेत्र र भू-दृश्य जोगाउदै प्रकृति संरक्षणको फराकिलो विचार र अभ्यास अंगाल्छन् ।




घ) यिनले वनजन्य उत्पादन, जलाधार, माटोको उर्वराशक्ति जस्ता जीविकोपार्जन र अनुकुलन रणनीतिका सहयोगी तथा सम्वेदनशील वातावरणीय पक्षहरुमा योगदान दिएका छन् ।

ङ) आइसीसीएहरुले संरक्षण क्षेत्रहरु भित्र संरक्षण गर्नुका साथै ती बाहिरको पारिस्थिति प्रणाली (ecosystem) एवम् पर्यावरण जोगाउन पनि महत्वपूर्ण भूमिका खेल्छन् ।

च) तिनीहरुले न्यूनतम वित्तीय र सामाजिक लागतमा संरक्षणको उद्देश्यलाई सघाउँछन् । यिनले न त ठूलो कर्मचारीतन्त्रको माग गर्छन् न सशस्त्र फौज नै ।

## जारी पहल र सम्भावना

देशका विभिन्न भागमा दुई प्रकारका आइसीसीएहरुको पहिचान गर्न सकिन्छ: (१) परम्परागतरुपमा संरक्षित हुदै आएका क्षेत्रहरु: शताब्दीऔंदेखि संरक्षण गर्दै आएका साना वन, चरण क्षेत्र र पवित्र वन, सिमसारहरु जसले कुनै कानुनी वा अन्य सहयोग मागेका छैनन् र तत्काल कुनै ठूलो चुनौतीको अनुमान पनि गरेका छैनन्; (२) वैधानिक कानून अन्तर्गतका आधुनिक संस्थाहरु: जैविक विविधतामाथि पर्याप्त जोड सहितका समुदायमा आधारित संरक्षणका विविध प्रकारहरु । यी क्षेत्रहरुले हालको "संरक्षण क्षेत्र" (Conservation Area), सामुदायिक वन, कबुलियती वन, मध्यवर्ती क्षेत्रको वन र धार्मिक वनको पूरै वा आंशिक हिस्सालाई समेट्छन् । माथि देखाइएझैं हालसालैको अध्ययनमा कैयौं आईसीसीएहरुले विभिन्न प्रकारका पारिस्थितिक प्रणाली (ecosystem) को प्रतिनिधित्व गर्ने सम्भावित क्षेत्र पहिचान गरिएको छ । यी क्षेत्रहरुको संरक्षण स्थानीय समुदाय, आदिवासी, संरक्षणको क्षेत्रमा कार्यरत गैरसरकारी निकायहरु र राज्यबाट हुँदै आएको छ । नेपालमा थुप्रै निकायहरुले समुदायमा आधारित संरक्षणका पहललाई सहयोग र प्रवर्द्धन गर्ने शिलशिलामा हालका र सम्भावित आईसीसीएहरु पर्दछन् । उदाहरणका लागि आईयूसीएन, डब्लुडब्लुएफ, एनटीएनसी, एसजीपी-यूएनडीपी आदि । सरकारले केही वर्षअघि "फूलचोकीको चन्द्रागिरी" क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गर्ने असफल प्रयास गर्‍यो । अहिले ऊ तीनजुरे-मिल्के-जलजले क्षेत्र र पूरै चुरे श्रृङ्खलालाई नयाँ संरक्षण क्षेत्र घोषणा गर्ने सम्भावनाको खोजी गरिरहेको छ भने हालसालै अपि नम्पा र गौरीशंकर गरी दुई नयाँ संरक्षण क्षेत्र घोषणा गरेकोछ । जबकी, सरकारको उक्त योजनाको स्थानीय समुदाय, वन उपभोक्ता समूह र नागरिक सञ्जालले नयाँ संरक्षित क्षेत्र घोषणा गर्ने केन्द्रिकृत र असमावेशी प्रकृयाको सशक्त प्रतिरोध गरेका छन् । यो गहिरोसँग जरा गाडेको नेपालका संरक्षित क्षेत्रको प्रभावशाली मोडलप्रतिको नकारात्मक भावको आंशिक नतिजा पनि हो । यो परिप्रेक्ष्यमा आईसीसीएहरुको प्रवर्द्धनतर्फ स्थानीय समुदाय र अन्य सम्बन्धित सरोकारवालाहरुसँग सहकार्य गर्नु संरक्षणको वृहत् उद्देश्य प्राप्त गर्न लोकप्रिय रणनीतिको रुपमा देखा पर्छ ।

## नीतिगत सिफारिस

आइसीसीएहरुले विभिन्न किसिमका संकट र चुनौतीहरु सामना गरिरहेका छन् । पहिचान र आवश्यक सहयोग नहुँदा आइसीसीएहरु र सम्भावित त्यस्ता क्षेत्रहरु संकटग्रस्त हुने खतरा छ । सरकार एवं संरक्षणको क्षेत्रमा काम गरिरहेका अन्य संस्थाहरुले, आईसीसीएहरुले प्रदान गर्नसक्ने लाभ र संभावनालाई यथार्थमा रुपान्तरण गर्न र संरक्षणको लक्ष्य हासिल गर्न तिनको प्रवर्द्धनमा सहयोग गर्नुपर्छ ।

- आइसीसीएहरुको वृहत **नक्साङ्कन, पहिचान** र **अभिलेखीकरण** गर्नु आवश्यक देखिन्छ । यसो गर्दा यसका वर्तमान व्यवस्थापन र शासन व्यवस्थामा विद्यमान चुनौतीहरु एवम् अन्य समस्याहरु, आवश्यक सहयोगको प्रकृति, तिनीहरुको मान्यताका लागि शुसूचित ज्ञान आदिमा मद्दत गर्न सक्छ ।
- **नीतिगत** र **कानुनी वातावरण**को सहजीकरण: सरकारले सहयोगी कानुनी वातावरण तयार गरिदिनुपर्छ: जसभित्र



काठमाडौंको टौदह (पवित्र सिमसार) मा आप्रवासी चराहरुको बासस्थान

आइसीसीएहरु पहिचान सहित क्रियाशील हुन र फस्टाउन सक्छन्, यद्यपी विस्तृत कानुनी उपकरण आवश्यक नहुन सक्छ । यो लक्ष्यतर्फको प्रमुख नीतिगत परिवर्तनमा ठूलो प्रयास, स्रोत र फरक चिन्तनको खाँचो पर्दछ तथापि सानोतिनो व्यवहारिक पहलले समेत केही हदसम्मको प्रक्रिया शुरु गराउन सक्छ ।

क) संरक्षित क्षेत्रको विद्यमान प्रणालीभित्र आइसीसीएको प्रावधानलाई ठाउँ दिन अहिले भएका ऐन र कानुनमा संशोधन हुन सक्छ (जस्तै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मध्यवर्ती क्षेत्र नियमावली, २०५२) । सरकारद्वारा घोषित र व्यवस्थित संरक्षित क्षेत्रभित्र रहेका आइसीसीएहरु सम्बन्धी सांगठानिक र कानुनी व्यवस्था स्पष्ट हुन जरुरी छ ।

ख) त्यसैगरी, व्यवस्थापन योजनाहरुमै आइसीसीएको प्रावधान विकास गर्न सकिन्छ । (मध्यवर्ती क्षेत्र व्यवस्थापन योजना, जिल्ला वन क्षेत्र योजना, सिमसार व्यवस्थापन योजना आदि) ।

ग) सरकारले नेपालका संरक्षित क्षेत्रका शासनप्रणालीको विस्तृत ढाँचा प्रवर्द्धन गर्न, मान्यता दिन र विविधीकरण गर्न सक्दछ । वास्तवमा, यसलाई जैविक विविधता महासन्धीको संरक्षित क्षेत्रहरु सम्बन्धी कार्यक्रम (Program of Work on Protected Areas) ले पनि सरकारको दायित्वको रुपमा स्थापित गरेको छ ।

- अन्तर्राष्ट्रिय बहस र सम्वाद, संरक्षित क्षेत्रहरुका बदलिदो व्यवस्थापन र शासन पद्दतिहरु, संरक्षणको अधिकारमा आधारित अवधारणा लगायतका विभिन्न मुद्दाहरुमा संरक्षित क्षेत्र अधिकारी, संरक्षण निकायका सदस्य, स्थानीय तथा आदिवासी समुदायका नेताहरुको **क्षमता निर्माण** एवम् **अभिवृद्धि** गर्न जरुरी हुन्छ ।
- जलवायु परिवर्तन र यसका असरहरुले आईसीसीएहरुसामु अनेकौं समस्या र चुनौती खडा गरेका छन् । जलवायु परिवर्तनबाट आइसीसीएहरु जोखिमपूर्ण अवस्थामा पुगे पनि तिनीहरुले महत्वपूर्ण पाठ सिकाउनुका साथै **जलवायु परिवर्तन अनुकुलन** र **न्यूनीकरण**मा यिनीहरुले प्रभावकारी भूमिका खेल्छन् ।
- आईसीसीएहरुसम्बन्धी काम अगाडि बढाउन र यसमा थप वहस गर्न जैविक विविधता महासन्धी र सीबीडी Program of Work on Protected Areas को राष्ट्रिय फोकल प्वाइन्टद्वारा सम्बन्धित समूह, क्षेत्र र सरोकारवालाहरुको प्रतिनिधित्व रहने गरी **राष्ट्रिय संयन्त्र** तयार गरी क्रियाशिल गराउन सकिन्छ ।

## धन्यावाद ज्ञापन

अध्ययनका क्रममा गरेको सहयोगका लागि भारतको कल्पवृक्षलाई र यो नीतिपत्र तयार गर्ने सन्दर्भमा पुऱ्याएको योगदानको निम्ति एसजीपी-यूएनडीपी, नेपाललाई र अब्दुल्लाह मिहाँ ज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

## सन्दर्भ ग्रन्थः

डुड्ले, एन. २००८ । गाइडलाईन फर अप्लाइड प्रोटेक्टेड एरिया म्यानेजमेन्ट क्याटागोरीज । ग्लान्ड, स्वीटजरल्यान्डः आइयूसीएन एक्स. पेज.८६ ।

पाठक, एन., भट्ट, एस., वालासिनोर्वाला, टी., कोठारी, ए. र बोरिनी-फेयराबेन्ड, जी. २००४ । कम्युनिटी कन्जर्भड एरियाजः अ बोल्ड फ्रन्टियर फर कर्न्जभेसन। टिलसेपा/आइयूसीएन, सीनेस्टा, सीएमडब्लुजी एण्ड वामिप, तेहरान ।

कोठारी, ए. २००६ । कम्युनिटी कन्जर्भड एरियाजः टुवार्डस इकोलोजिकल एण्ड लाइभलिहुड सेक्युरिटी । पार्कस, १६(१): ३-१३ ।

बोरिनी-फेयराबेन्ड, जी. एट अल. २००८ । रिकग्नाइजिङ्ग एण्ड सपोर्टिङ्ग इण्डिजिनस एण्ड कम्युनिटी कर्न्जभेसनः आइडियास एण्ड एक्पिरियन्सेस फ्रम द ग्रासरुट्स । आइयूसीएन सीइइएसपी ब्रिफिङ्ग नोट ९ । पेज. २८ ।

बोर्रिनी-फेयराबेन्ड, जी. एट अल. २००८ । गर्भनेन्स एज कि फर इफेक्टिभ एण्ड इक्विटेवल प्रोटेक्टेड एरियाज सिस्टम । आइयूसीएन सीइइएसपी संक्षिप्त टिपोट ८ । पेज. १६ ।

## थप जानकारीका लागि सम्पर्कः

नयाँ शर्मा पौडेलः nsp@forestaction.wlink.com.np
सुदीप जानाः sj@forestaction.wlink.com.np
फरेस्टएक्सन, नेपाल
पो. व. नं. १२२०७
काठमाडौं, नेपाल
फोनः (९७७ १) ५५५० ६३१, ५५५२९२४
फ्याक्सः (९७७ १) ५५१३१९०
इमेलः forestaction@wlink.com.np
वेभसाइटः www.forestaction.org